प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, स्याङ्जा

गण्डकी प्रदेश

**कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।**
**(प्रथम पटक प्रकाशन भएको मिति २०७९/०५/०३)**

यस कार्यालयको आ.व २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बजेट उप-शिर्षक ३१२०१०१६३ तर्फका तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक स्याङ्जा जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषक समुह तथा सहकारी संस्थाको मिति २०७९/०६/०२ गते आइतबार (सूचना प्रकाशन भएको मितिले ३० दिन) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तापिसल वमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन संम्बन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

**क. कृषक/ कृषि फर्म /कृषि कम्पनी कृषि संग सम्बन्धित समुह तथा सहकारी संस्थाले प्रस्ताव गर्न मिल्ने कार्यक्रमहरुको विवरण**

| क.स | कार्यक्रमको नाम | अधिकतम अनुदानको सहयोग | कार्यक्रम संख्या | जम्मा वजेट रु. (लाखमा) | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| १. | वालीको विमा शुल्कमा अनुदान कार्यक्रम | कुल विमा शुल्कको अधिकतम २५% | | ५ | आ.व. २०७९/८० मा कृषि सम्बन्धि विमा गरेका आवेदकहरुले आवेदन पेश गर्न सक्नेछन् । बजेटको परिधि भित्र रही पहिलो आवेदन पेश गर्ने आवेदकलाई प्राथमिकता दिइनेछ ।यो शिर्षक अन्तर्गत यो आ.व. अन्त्य सम्म आवेदन दिन सकिनेछ । |
| २. | वाझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम | प्रति रोपनी रु.५०००/- अनुदान उपलब्ध गराईनेछ । | ५ हे. | ५ | विविध कारणले कम्तिमा ३ बर्ष देखि बाँझो रहेको, न्युनतम ३ रोपनी क्षेत्रफलमा खेती गरिएको हुनुपर्नेछ । |
| ३. | क्षेत्रफलको आधारमा तरकारी उत्पादनमा प्रोत्साहन सहयोग कार्यक्रम | खुल्ला जमिनमा तरकारी खेतिको लागि प्रति रोपनी वा प्लाष्टिक घरभित्रको खेतिको लागि प्रति १०० वर्ग मिटरको लागि ३०००/- उपलब्ध गराइनेछ। | १० हे | ६ | कम्तिमा २ रोपनी वा प्लाष्टिक घर भित्र कम्तिमा २०० वर्ग मिटर क्षेत्रफलमा वार्षिक कम्तिमा २ सिजन तरकारी खेति गरेको हुनुपर्नेछ । |
| ४. | साना व्यवसायिक फर्म स्थापना र विस्तार कार्यक्रम | कुल लागतको ५०% सम्म अनुदान उपलब्ध गराइनेछ। | ४०वटा | ८० | तरकारी/ पुष्प खेति- कम्तिमा ५ रो खुल्ला जमिनमा र २०० व.मि. संरक्षित संरचनाभित्र खेति गरेको हुनुपर्ने फलफुल बालीमा कम्तिमा १० रो. च्याउ खेति -कन्य/ गोब्रे च्याउमा कम्तिमा १००० वर्गफिट क्षेत्रफलमा डोम हाउस, कम्तिमा ५०० मुढामा सिताके च्याउको व्यवसायिक खेति गर्नुपर्ने ।मौरीपालन - कम्तिमा ३० मौरी गोला सहितको घारमा व्यवसायिक मौरीपालन गरेको हुनुपर्नेछ। |

इमेल : akcsyangja@gmail.com वेबसाइट : www.syangja.akc.gov.np
सम्पर्क नं. : ०६३-४२११९९

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, स्याङ्जा

गण्डकी प्रदेश

ख. कृषिसंग सम्बन्धित समूह तथा सहकारी संस्थाले प्रस्ताव गर्न मिल्ने कार्यक्रमहरुको विवरण

| क.स | कार्यक्रमको नाम | अधिकतम अनुदानको सहयोग | कार्यक्रम संख्या | जम्मा वजेट रु. (लाखमा) | मापदण्ड (आवेदकले अनिवार्य पालना गर्नुपर्ने विषयहरु) |
|---|---|---|---|---|---|
| ५. | आलु खेति प्रवर्द्धन विशेष कार्यक्रम | कुल लागतको बढीमा ९०% सम्म अनुदान उपलब्ध गराइनेछ । | १० हे. | १० | क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई आलु खेतिलाइ विस्तार गर्नुपर्नेछ । |
| ६. | जिल्लास्तर बीउविजन आत्मनिर्भर कार्यक्रम | कुल लागतको बढीमा ७५% सम्म अनुदान उपलब्ध गराइनेछ । | ५ हे. | ५ | क्लस्टर विभिन्न वालीहरुको बीउ उत्पादन गर्नुपर्नेछ । |
| ७. | विशेष वाली प्रवर्द्धन सम्बन्धी कार्यक्रम | कुल लागतको बढीमा ९०% सम्म अनुदान उपलब्ध गराइनेछ । | ३ हे | ३ | क्लस्टरमा कम्तीमा ३० रोपनी क्षेत्रफलमा कम्तीमा १० घरधुरी संलग्न भई उच्च सम्भावना बोकेका वाली तोरी/ सूर्यमुखी/ बदाम/ सिमी/ जौ/ उवा/ कागुनो/ मास/ भट्टमास/ गहत/ मुसुरो/ मस्याङलाई विस्तार गर्नुपर्नेछ । |
| ८. | रैथाने वाली संरक्षण कार्यक्रम | कुल लागतको बढीमा ९०% सम्म अनुदान उपलब्ध गराइनेछ । | २ संख्या | ४ | परम्परागत रुपमा खेति हुदै आएका वालीहरु जस्तै कोदो, फापर, जौ, उवा जुनेलो, कागुनो आदिको कम्तीमा १५ रोपनी क्षेत्रफलमा उत्पादन, संकलन, संरक्षण एवम् प्रवर्द्धनका कार्यहरु गर्नुपर्नेछ । |
| ९. | साना सिंचाई कार्यक्रम संचालन (निर्माण तथा मर्मत) | कुल लागतको बढीमा ९०% सम्म अनुदान उपलब्ध गराइने । | २५ वटा | ५० | प्रत्येक सिंचाई योजनावाट न्यूनतम १० रोपनी क्षेत्रफल सिंचित हुनुपर्ने छ र निर्माण कार्य अनुदानग्राही आफैंले गर्नुपर्नेछ । |

**आवश्यक कागजातहरु:**

- निर्दिष्ट ढाचांमा प्रस्ताव र रु १० को टिकट सहितको निवेदन ।
- नेपाली नागरिकताको प्रमाणितको प्रतिलिपि ।
- प्रस्तावित क्षेत्रको जग्गाधनी पुर्जाको प्रतिलिपी र जग्गा करार लिई कार्यक्रम संचालन गर्नेको हकमा न्युनतम १० बर्षको लागि गरिएको करार सम्झौताको प्रतिलिपि ।
- कृषि फर्म/ कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि र पछिल्लो आ.व. को कर चुक्ताको प्रतिलिपि ।
- कृषक समूह/ कृषि सहकारीको हकमा (नवीकरण गर्नुपर्ने भएमा नविकरण गरेको), PAN/VAT दर्ता प्रमाणपत्र, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, वार्षिक लेखा परिक्षण प्रतिवेदन र सस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि।
- अघिल्लो दुई आ. व. मा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोसणा पत्र ।
- सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

- कृषक वर्गीकरण परिचयपत्रको प्रतिलिपि।

*नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढांचा यस कार्यालयवाट उपलब्ध हुनेछ तथा यस कार्यालयको वेवसाइट www.syangja.akc.gov.np वाट पनि प्राप्त गर्न सकिन्छ।*

पुनश्चः माथि उल्लेखित मिति भित्र आवश्यक कागजात र प्रक्रिया नपुगेका आवेदनहरु माथि कुनै प्रक्रिया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन र साथै विगतका दुई आ.व. मा उस्तै प्रकृतिका कार्यलाई यस कार्यालयवाट अनुदान प्राप्त नगरेका कृषि फर्म/ कम्पनी/ समूह/ सहकारीलाई प्राथमिकतामा राखिने छ ।

<u>थप जानकारीका लागि</u>

कृषि ज्ञान केन्द्र, स्याङ्गजा

०६३-४२०१३०, ०६३-४२११९९, ९८५६०५४०८५

..............................

ईश्वरी प्रसाद अर्याल

नि. प्रमुख

निमित्त केन्द्र प्रमुख